प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८०/११/२३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS)अनुसार सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा संचालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्धारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफुलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा र सामाजिक विकास मन्त्रालयको २०(बिस) नम्बर कोठामा रहेको NVQS परियोजनामा तोकिएको मिति भित्र आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीतपूर्वक पेश नभएका आवेदनहरु स्वत: रद्ध हुनेछन |

तपसिल:

क) फारम संकलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:

| क्र. स. | आवेदन फारम संकलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली। | ९८५८४८८०४५<br>०९१-४१२१८८<br>९८४८५३२३७८ | गार्मेन्ट फेब्रिकेटर | १ |
| | | | टायल एण्ड मार्बल फिक्सर | १ |
| | | | रेफ्रिजेरेसन एंड एअरकन्डिसन मेकानिक | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | कम्प्युटर एंड हार्डवेयर नेटवर्क टेक्निसियन | २ |
| २. | सेती प्राविधिक शिक्षालय, दिपायल,डोटी। | ९८५८४२२५४६<br>९८४८५३२३७८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ३. | टीकापुर बहुप्राविधिक शिक्षालय, टीकापुर, कैलाली | ९८६७१००९९३<br>९८४८५३२३७८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | प्लम्बर | २ |
| ४. | गुरुकुल इन्स्टिच्युट अफ टेक्निकल इजुकेशन प्रा.लि. महेंद्रनंगर, कंचनपुर। | ९८४८८३३९९९<br>९८४८५३२३७८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | टायल एण्ड मार्बल फिक्सर | १ |
| | | | सेल मोबाइल फोन टेक्निसियन | २ |
| | | | कम्प्युटर एंड हार्डवेयर नेटवर्क टेक्निसियन | २ |
| ५. | भिमदत्त बहुप्राविधिक शिक्षालय, | ९८५८७८०३२९ | प्लम्बर | २ |

२०८०/११/२३
निर्देशक

| | पाटन, बैतडी। | ९८४८५३२३७८ | कन्स्ट्रक्सन मेसन | २ |
|---|---|---|---|---|

ख) **आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशामा १ वर्षको कार्य अनुभव भएको, |

ग) **आवेदन तथा रजिष्ट्रेशन शुल्क: रु२७० (आवेदकले व्यहोर्ने)**

घ) **सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने शर्तहरू:**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको सुदूरपश्चिम प्रदेशको वेभसाइट http://mosd.sudurpashchim.gov.np/ तथा प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)सुदूरपश्चिम प्रदेशको वेभसाइट https://ctevtsppo.org.np/ बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८०/१२/२२ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फारम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको (एकै किसिमको) फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ) अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानिय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफु वसोवास भएको वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) बैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अंग्रेजीमा अनुवादित गरिएको प्रति),पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वत: रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ ।सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परिक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूको हकमा पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोर्‍याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरु मध्ये परीक्षार्थीले उत्तिर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

२०८०/११/२२
निर्देशक

१२) सीप परीक्षण आवेदन फारम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री वापत प्रति फारम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.बा बैंकको खाता नं. १७३०१००००१८३००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सुदूरपश्चिम प्रदेशको मोबाइल नम्बर ९८५८४८८०४५, ०९१-४१२१८८ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ९८४८५३२३७८ मा सम्पर्क गर्न सकिने छ।

२०८०।११।२२

निर्देशक

निर्देशक